## २.धुनीवेशी नगरपालिका क्षेत्र

### १.साविक नौविसे गा.वि.स

(क) नौविसे वडा नं. १(क), १(ख), १(ग), १(घ), २(ग), ६(क), ७(ग), ७(घ), ८(ङ), ९(क) मा पर्ने पृथ्वी राजमार्गको केन्द्र विन्दुबाट ५० मि. भित्र पर्ने घडेरी प्रयोजनमा आउने दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू...................... ८४,००,०००।-

(ख) माथि (क) मा उल्लेखित नक्सा नं. मा पर्ने त्रिभुवन राजपथ नौविसे पुल्चोक हेटौडा सडकमा पर्ने सडकको दाया बाया ५० मि. सम्म पर्ने घडेरी प्रयोजनमा आउने दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू...................... ३७,५०,०००।-

(ग) नौविसे वडा नं. ४(क),४(ङ),५(क) र ५(घ) मा पर्ने पृथ्वी राजमार्गको केन्द्र विन्दुबाट ५० मि. सम्म पर्ने घडेरी प्रयोजनमा आउने दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू. ४८,००,०००।-

(घ) नौविसे वडा नं. २(ग), ६(क), ७(छ) मा पर्ने खानीखोला बजार पुरानो सडकमा पर्ने दायाँबायाँको जग्गाहरू प्रति रोपनी रू...................... ५४,००,०००।-

(ङ) नौविसे वडा नं. १(क), १(ख), १(ग), १(घ), २(ग), ६(क), ७(ग), ७(घ), ८(ङ), ९(क) पृथ्वीराजमार्गको ५० मिटर वाहिर बजार तथा आसपास क्षेत्रका भित्रि शाखा सडक निजी प्लटिङमा खुलेका घडेरी प्रयोजनको जग्गाहरु प्रतिरोपनी रू.......................... २२,००,०००।-

(च) टायलघरबाट ठाडो के.पी सिमेन्ट जाने पिच बाटोको दायाँबायाँको जग्गाहरु रु...................... २०,५०,०००।-

(च) अन्य सबै वडामा कच्ची तथा शाखा सडकले छोएको दायाबायाको जग्गाहरू प्रति रोपनी रू......... १५,५०,०००।-

(छ) माथि पृथ्वीराजमार्ग , त्रिभुवन राजपथले छोएका नक्साहरुको गोरेटो बाटोको मुल्य प्रति रोपनी रु.............. ७,५०,०००।-

(ज) अन्य सबै वडाको गोरेटो बाटोले छोएका दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू...................... ५,००,०००।-

(झ) नौविसे वडा नं. २(ग), वडा नं. २(ख), ३(क), ३(घ), ५(ख), ५(ग), ६(ख), ७(क), ७(ख), ८(ग), ९(ख) पर्ने खेती योग्य जग्गाहरू:
खेततर्फ प्रति रोपनी रू...................... ४,५०,०००।-
पाखोतर्फ प्रति रोपनी रू...................... १,८०,०००।-

(ञ) अन्य जग्गा (वडा नं. १ देखि ९ सम्म) प्रति रोपनी रू. ........

| विवरण | अब्बल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | १,८०,००० | १,१०,००० | १,००,००० | ६०,००० |
| पाखा | ७०,००० | ६०,००० | ५०,००० | ४०,००० |

### १.(क) साविक मकवानपुर जिल्ला टिस्टुङ वडा नं. ६ र चित्लाङ गा.वि.स. वडा नं. १ को जग्गाहरु

(क) अन्य कच्ची मोटर बाटोले छोएको दायाँबायाँका जग्गाहरू प्रति रोपनी रू...................... ९,५०,०००।-

(ख) गोरेटो बाटोले छोएका दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू...................... ४,५०,०००।-

(ग) अन्य जग्गा प्रति रोपनी रू. ....................

| विवरण | अब्बल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | ३,००,००० | २,३०,००० | २,००,००० | १,५०,००० |
| पाखा | ८५,००० | ६०,००० | ४५,००० | ३०,००० |

### २.साविक छत्रेदेउराली गा.वि.स

क) वडा नं. ९(ङ), ७(छ), ९(च), ३(क), ६(क), ७(च), ८(च) भिमढुङ्गा लामीडाँडा सडकले छोएका दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू...................... १८,००,०००।-

(ख) धार्के सितापाईला बैकल्पिक मार्ग कच्ची मोटर बाटोले छोएको दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रु.......... १४,५०,०००।-

(ग) माथि उल्लेखित नक्सा नं. मा पर्ने कच्ची मोटर बाटोले छोएका दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू......... १०,००,०००।-

(घ) माथि उल्लेखित नक्सा नं. बाहेक अन्य कच्ची मोटर बाटोले छोएका दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू.. ८,५०,०००।-

(ङ) गोरेटो बाटोले छोएका दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू...................... ५,००,०००।-

(च) अन्य जग्गा (वडा नं. २,३,४,६,७,८ र ९) प्रति रोपनी रू.

| विवरण | अब्बल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | २,८०,००० | २,३०,००० | २,०५,००० | १,५०,००० |
| पाखा | १,१०,००० | १,००,००० | ७५,००० | ६५,००० |

### ३.साविक जीवनपुर गा.वि.स.

(क) वडा नं.१(क),१(ग),२(ग),२(घ) भिमढुङ्गा लामीडाँडा सडकले छोएका जग्गाहरू प्र.रो.रू................ १७,००,०००।-

(ख) धार्के-सितापाइला बैकल्पिक मार्ग कच्ची सडकको दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू.............. १४,५०,०००।-

(ग) माथि उल्लेखित नक्सा नं. मा पर्ने कच्ची मोटर बाटोले छोएका दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू....... १०,००,०००।-

(घ) माथि उल्लेखित नक्सा नं. को बाटो बाहेक अन्य नक्साहरुले छोएको कच्ची मोटर बाटोको दायाँबायाँका जग्गाहरु प्रति रोपनी रू....................... ८,५०,०००।-

(ङ) गोरेटो बाटोले छोएका दायाँ बायाँका जग्गाहरू प्रति रोपनी रू...................... ३,६०,०००।-

(ङ) अन्य जग्गा (वडा नं. १ देखि ९ सम्म) र छत्रेदेउराली गा.वि.स. वडा नं. १ र ५ समेत प्रति रोपनी रू. ....

| विवरण | अब्बल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|
| खेत | २,०५,००० | १,६०,००० | १,१०,००० | ८५,००० |
| पाखा | ७५,००० | ६०,००० | ५०,००० | ३५,००० |

**निर्णय नं. १ :**

रजिष्ट्रेशन पारित गर्न पेश हुन आउने लिखत तथा मुल्याङ्कनको अन्य प्रयोजनका लागि निम्न अनुसार पक्की घर तथा कच्ची घर गोठको निम्न अनुसार मूल्याङकन कायम गरिएको छ ।

**तपसिल**

नगरपालिका अन्तर्गतको घरको मूल्याङ्कन:- नगरपालिकाले मूल्याङ्कन गरेअनुसार मूल्य कायम गरिने र नगरपालिकाको मूल्याङ्कन प्राप्त नहुँदा देहाय अनुसार हुने ।

**(क) नगरपालीका क्षेत्रको**

| | | |
|---|---|---|
| १) | एकतले पक्की घर १ को | रू.१८,००,०००।- |
| २) | दुइतले पक्की घर १ को | रू. २५,००,०००।- |
| ३ | तीनतले पक्की घर १ को | रू. ३५,००,०००।- |
| ३ | चारतले पक्की वा सोभन्दा माथि घर १ को | रू. ४५,००,०००।- |
| ४) | कच्ची घरको | रू. ५,००,०००।- |
| ५) | गोठ टहराको | रू. ३,००,०००।- |

**(ख) गाउँपालिका क्षेत्रको**

| | | |
|---|---|---|
| १) | एकतले पक्की घर १ को | रू. १४,००,०००।- |
| २) | दुइतले पक्की घर १ को | रू. २०,००,०००।- |
| ३ | तीनतले पक्की घर १ को | रू. २५,००,०००।- |
| ३ | चारतले पक्की वा सोभन्दा माथि घर १ को | रू. ३५,००,०००।-४) |
| | कच्ची घर १ को | रू. ४,००,०००।- |
| ५) | गोठ टहराको | रू. २,००,०००।- |

**(ग)** प्रत्येक स्थानिय तहमा हालको दरवन्दी अनुसार इन्जिनियर र सव-इन्जिनियरको व्यवस्था भई सकेको हुदाँ घरको मुल्याङ्कन गराई पठाउन लेखि पठाउने र आगामी दिनमा सोही लेखि आएको मूल्यलाइ आधार मानी लिखत पारीत गर्ने र सो व्यवस्था पूर्ण रुपमा कार्यान्वयन नहुन्जेल सम्म माथि उल्लेखित मूल्य नै कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

राजमार्गको दायाँबायाँ ५० मिटर भित्र पर्ने जग्गा घडेरी प्रयोजनमा नआउने भनि नगरपालीका/ गाउँपालिकाको सिफारिस सर्जमिन मूचुल्का सहित सम्बन्धित जग्गा धनीले निवेदन दिएमा नापी कार्यालयको प्राविधिक कर्मचारी, मालपोत कार्यालय रजिष्ट्रेशन फाँटका कर्मचारी र जिल्ला प्रशासन कार्यालयको प्रतिनीधि समेतको संयुक्त टोलीलाई सम्बन्धित फिल्डमा खटाई निजहरूले फिल्डमा गई न.पा./गा.पा.वडा अध्यक्षको रोहवरमा गरेको स्थलगत सर्जमिन मुचुल्का र फिल्ड प्रतिवेदन, नक्सा ट्रेश उतारको आधारमा मालपोत कार्यालयले साधारण मूल्याङ्कनको दोब्बरमा नघट्ने गरी मूल्याङ्कन कायम गर्न सकिने छ ।

**निर्णय नं. ३ :**

कुनै जमाको मूल्याङ्कन छुट भएको भए सम्बन्धित गा.वि.स.को नक्सा सँग जोडिने अन्य गा.वि.स.को नक्सा तथा जग्गाको आठा सरह मूल्याङ्कन कायम गर्न सकिने छ ।

**निर्णय नं. ४ :**

निर्धारण गरिएको न्यूनतम मूल्याङ्कन भन्दा कम हुने गरी कुनै व्यहोराले राजश्व कम गराई लिखत पारित गराएको कुरा पछि कार्यालयलाई जानकारी हुन आएमा नपुग रकम सम्बन्धित व्यक्ति वा संघसंस्थाको घर जग्गा रोक्का राखी सरकारी बाँकी सरह कारवाही चलाई असुल उपर गरिने छ ।

**निर्णय नं. ५ :**

राजमार्गको पक्की तथा कच्ची सडकले छुने वडा नं., नक्शा नं.को जग्गाको रजिष्ट्रेशन लिखत पारीत हुन आउँदा घर बाटोको सिफारिसमा कुनै शंका लागेमा तथा लिखत पारित हुनु अगावै स्थानिय निकायको सिफारिस गलत छ भनी सुचना प्राप्त हुन आएमा मालपोत कार्यालयले सम्वन्धित न.पा./गा.पा.को कार्यालयमा, नापी कार्यालयमा बुझी एकीन गरी मूल्याङ्कन कायम गर्न सकिने छ । घरबाटो सिफारिसको म्याद एक आ.व. मा अधिकतम् ३५ दिन सम्म मान्य हुनेछ । न्युनतम मूल्याङ्कनका लागि स्थानिय निकायको सिफारिस सम्बन्धित जग्गाधनीको हकमा मात्र लागु हुनेछ ।

**निर्णय नं. ६ :**

वुढीगण्डकी जलविधुत् आयोजनाको अधिकरणमा र डुवानमा परेका जग्गाहरुको न्यूनतम मूल्याङ्कन गत आ.व. ०७७।७८ बमोजिम नै हुनेछ ।

**निर्णय नं. ७ :**

राजकुलो, कुलो, गल्ली, बाटो भनी आएको सिफारिसलाई कच्ची मोटर बाटो सरह मानिने छ ।

**निर्णथ नं. ८:**

वनजङ्गल, खोला, सरकारी सार्वजनिक ,पर्ती जग्गासँग जोडिएको सिफारिसलाई गारेटो बाटो सरह मानिने छ ।

**निर्णय नं. ९ :**

कुनै घरबाटो सिफारिस दोहोरो अर्थ लाग्ने भएमा उच्च मुल्यलाई मान्यता दिइनेछ ।

**निर्णय नं. १० :**

सिफारिसमा घरको किसिम(कच्ची र पक्की), तला र ढलान नखुलेमा उच्च घरको मुल्य कायम गरी पारित गरिनेछ ।

**निर्णय नं. ११ :**

लिखत पारित गर्दा यथार्थ र वास्तविक मूल्य खुलाउनु पर्नेछ । एक पटक पारित भएको लिखतको थैली अंक अर्को पटक लिखत पारित गर्दा पहिलेको थैली अंकलाई घटाउन पाइने छैन । यस पुस्तिकामा उल्लेखित मूल्यभन्दा कम मूल्य राखि लिखत पारितको लागि पेश गर्न पाइने छैन ।

**निर्णय नं. १२ :**

साविक कित्ताबाट कि.का. भै कायम रहेका कित्ताहरुको हकमा समेत साविक कि.नं. कै मूल्याङ्कन कायम गरिनेछ ।

**निर्णय नं. १३ :**

पारित भै सकेको लिखतको हकमा बुझाइसकेको रजिष्ट्रेशन दस्तुर फिर्ता हुने छैन ।

**निर्णय नं. १३ :**

स्थानिय निकायले घरबाटो सिफारिस गर्दा सम्बन्धित जग्गाको नक्सा समेत संलग्न राखि सिफारिस गर्नुपर्नेछ ।